## आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्या :१

पारित भएको मितिः २०७६/६/२

प्रकाशन मितिः २०७६/६/४

भाग-२

# आरुघाट गाउँपालिका शिक्षक दरवन्दी मिलान तथा विद्यालय गाभ्ने र तह घटाउने वा बढाउने कार्यविधि,२०७६

आरुघाट गाउँपालिका, गोरखा गण्डकी प्रदेश

**प्रस्तावना :**

*आरुघाट गाउँपालिका शिक्षा ऐन २०७५ को परिच्छेद ४ दफा १७ उपदफा ५ को (घ) र (छ) मा भएको व्यवस्था वमोजिम आरुघाट गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न एवं वृद्धि गराउनको लागि तोकिएको मापदण्ड भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयलाई गाभ्ने, तह घटाउने वा बढाउने शिक्षक दरवन्दी मिलान गर्ने, कार्यलाई सुव्यवस्थित गर्न, विद्यार्थीहरुको भविष्य निर्माणमा सहयोग पुऱ्याउन बाञ्छनीय देखिएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।*

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम आरुघाट गाउँपालिकाको “शिक्षक दरवन्दी मिलान, विद्यालय गाभ्ने, तह घटाउने वा बढाउने” कार्यविधि, २०७६ रहने छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेपश्चात्त तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **गाउँपालिका** भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **विद्यालय** भन्नाले आरुघाट गाउँपालिका क्षेत्र भित्र रहने सरकारी अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्दछ ।

(ग) **विद्यालय तह** भन्नाले कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा १-१० र कक्षा १-१२ लाई सम्झनु पर्दछ । सबै विद्यालयहरुमा बाल कक्षा अनिवार्य हुनेछ ।

घ) **शिक्षक** भन्नाले आरुघाट गाउँपालिका भित्र रहेको रहेका सरकारी अनुदानमा सञ्चालित विद्यालयमा अध्यापन गर्ने शिक्षक सम्झनु पर्दछ ।

ङ) **स्थानीय स्रोत शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानमा नियुक्ति भएको शिक्षक सम्झनु पर्दछ ।

**३. प्रा.वि.तहको मापदण्ड :**

**(१) प्रा.वि.तह (कक्षा १-५)**

(क) कक्षा १ सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी १० जना हुनु पर्नेछ ।

(ख) कक्षा २ सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी १५ जना हुनु पर्नेछ ।

(ग) कक्षा ३ सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी २० जना हुनु पर्नेछ ।

(घ) कक्षा ४ सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी २५ जना हुनु पर्नेछ ।

(ङ) कक्षा ५ सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी ३० जना हुनु पर्नेछ ।

**(२) कक्षा १-३ सम्ममात्र सञ्चालन भएका विद्यालयको शिक्षक दरवन्दी देहाय बमोजिम व्यवस्था गरिनेछ ।**

(क) २०-३० जना सम्म विद्यार्थी रहेको विद्यालयमा १ सहयोगी कार्यकर्ता सहित २ जना शिक्षक व्यवस्था गरिनेछ ।

(ख) १५-१९ जना विद्यार्थी भएमा वि.व्य.स.ले शै.स. २०७७ मा २० जना विद्यार्थी पुऱ्याउने प्रतिवद्धता गरेमा त्यस विद्यालयको दरवन्दी गा.पा.मा राखी स्थानीय शिक्षक व्यवस्था गरिनेछ । विद्यार्थी संख्या नपुगेमा विद्यालय मर्ज गरिनेछ ।

(ग) १५ जना भन्दा कम विद्यार्थी भएका विद्यालय यसै शै.स.मा मर्ज गरिनेछ ।

(घ) ४१ जना भन्दा वढी विद्यार्थी भएमा २ दरवन्दी र १ स्थानीय स्रोत शिक्षक व्यवस्थापन गरिनेछ ।

(ङ) शिक्षकको तलब रकमलाई विद्यार्थी संख्याले भाग गर्दा प्रति विद्यार्थी लागत वार्षिक रु.३५,०००। पैंतिस हजार भन्दा वढी पर्न गएमा विद्यालय वन्द गरी विद्यार्थीलाई आवासीय सुविधा सहित व्यस्थापन गरिनेछ । यस्तो सुविधा मातृ विद्यालयको उच्च कक्षासम्म मात्र कायम हुनेछ ।

(च) कक्षा १-३ को हकमा २ कि.मी. भन्दा बढी हिडेर जानुपर्ने विद्यार्थीहरुका लागि मात्र आवास सुविधाको व्यवस्था हुनेछ ।

(छ) माथि जुन सुकै कुरा लेखिएको भए तापनि भौगौलिक विकटता भएको स्थानमा कक्षा १-३ मा न्यूनतम १२ जना विद्यार्थी भए ता पनि २ शिक्षक व्यवस्थापन गरी विद्यालय सञ्चालन गरिनेछ ।

**(३) कक्षा १-५ सम्म मात्र सञ्चालन भएको विद्यालयको शिक्षक दरवन्दीको व्यवस्था देहाय बमोजिम हुनेछन् ।**

(क) ३०-४५ जना सम्म विद्यार्थी भएमा ३ शिक्षकको व्यवस्थापन गरिनेछ ।

(ख) २१-२९ जना विद्यार्थी भएमा वि.व्य.स.ले आगामी शै.स.२०७७ मा न्यूनतम संख्या ३० पुऱ्याउने प्रतिवद्धता जाहेर गरेमा २ शिक्षक व्यवस्थापन गरी सञ्चालन गरिने र २०७७ बैशाख मसान्तसम्म पनि तोकिएको संख्या नपुगेमा तह घटाउने वा विद्यालय मर्ज गरिनेछ । प्रतिवद्धता जाहेर नगरेमा यसै शै.स. मा मर्ज गरिनेछ ।

(ग) यस शै.स. मा २१ जना भन्दा कम विद्यार्थी भएमा अवस्था हेरी कक्षा घटाउने वा मर्ज गरिनेछ ।

(घ) ४६-७० जना विद्यार्थी भएमा ४ शिक्षकको व्यवस्थापन गरिनेछ ।

(ङ) ७१ देखि ९५ विद्यार्थी भएमा ५ शिक्षकको व्यवस्थापन गरिनेछ ।

(च) ९६ जना भन्दा बढी विद्यार्थी भएमा ६ जना शिक्षकको व्यवस्थापन गरिनेछ ।

(छ) कक्षा ४ र ५ का विद्यार्थीहरुको हकमा ३ कि.मी. भन्दा टाढा हिडेर जानुपर्ने भएमा मातृ विद्यालयमा सञ्चालन भएका कक्षा सम्मका लागि आवासीय सुविधा दिइनेछ ।

(ज) माथि जुन सुकै कुरा लेखिएको भए तापनि भौगोलिक विकटता भएको स्थानमा कक्षा १-५ मा २० जना वा सो भन्दा वढी भएमा ३ शिक्षक संख्या कायम गरी विद्यालय सञ्चालन गरिनेछ ।

**४. आधारभूत तह (कक्षा ६-८) मापदण्ड :**

(क) विद्यार्थी संख्या २०-३० भएमा २ शिक्षकको व्यवस्था गरिनेछ ।

(ख) विद्यार्थी संख्या ३१-८० भएमा ३ शिक्षकको व्यवस्था गरिनेछ ।

(ग) विद्यार्थी संख्या ८१ जना भन्दा वढी भएमा ४ शिक्षकको व्यवस्था गरिनेछ ।

(घ) विद्यार्थी संख्या २०० जना भन्दा वढी भएमा ५ शिक्षकको व्यवस्था गर्न सकिनेछ ।

(ङ) यदि कक्षा ६-८ मा विद्यार्थी संख्या २० भन्दा कम भएमा वि.व्य.स. र वडा शिक्षा समितिले शै.स. २०७७ मा न्यूनतम विद्यार्थी संख्या पुऱ्याउने प्रतिवद्धता गरेमा यस शै.स.मा तह नघटाउने । प्रतिवद्धता

नगरेको खण्डमा २० जना भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयको तह घटाइने छ ।

**५. मा.वि. तह (कक्षा ९-१०) मापदण्ड :**

(क) विद्यार्थी संख्या २५-५० भएमा ३ शिक्षकको व्यस्था गरिनेछ ।

(ख) विद्यार्थी संख्या ५१-८० भएमा ४ शिक्षकको व्यस्था गरिनेछ ।

(ग) विद्यार्थी संख्या ८१ भन्दा वढी भएमा ५ शिक्षकको व्यस्था गरिनेछ ।

(घ) विद्यार्थी संख्या २०० जना भन्दा वढी भएमा ६ शिक्षकको व्यवस्था गर्न सकिनेछ ।

(१) न्यूनतम २५ भन्दा कम विद्यार्थी भएमा वडा शिक्षा समिति र वि.व्य.स. संग छलफल गरी तह घटाउने सम्बन्धमा निर्णय लिइनेछ ।
(२) माध्यमिक तह कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १:२५ भएका विद्यालयको दरवन्दी यथावत कायम राखिनेछ ।

**६. मा.वि. तह (कक्षा ११-१२) मापदण्ड :**

(क) २५ देखि ८० जना सम्म विद्यार्थी अध्ययनरत रहेको एउटा संकाय सञ्चालित मा.वि.मा न्यूनतम २ शिक्षक कायम गरिनेछ ।

(ख) ६० देखि ८० जना विद्यार्थी संख्या भई २ वा सो भन्दा बढी संकाय सञ्चालित मा.वि.मा न्यूनतम ३ शिक्षक कायम गरिनेछ ।

(ग) ८० जना भन्दा बढी विद्यार्थी भएमा थप ४० जनाका लागि १ शिक्षकको व्यवस्था गरिनेछ ।

आज्ञाले ,
एकदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

## "आरुघाट गाउँपालिका गाउँ शिक्षा सल्लाहाकार समिति गठन सम्बन्धी कार्यविधि, २०७६"

आरुघाट गाउँपालिका शिक्षा ऐन २०७५ को परिच्छेद ४ दफा ६ मा व्यवस्था भए अनुसार गाउँ शिक्षा समितिलाई आवश्यक राय सल्लाह दिन देहाय बमोजिमको एक गाउँ शिक्षा सल्लाहकार समिति रहने छ।

**१. गाउँ शिक्षा सल्लाहकार समितिको गठन :**

क) स्थानीय वुद्धिजिवी, समाजसेवीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको -२ जना

ख) शिक्षाविद्, विशेषज्ञहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको -१जना

ग) शिक्षा प्रेमी तथा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका व्यक्ति, पूर्व शिक्षक तथा वि.व्य.स. अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको -२ जना

**२. सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार :**

क) सल्लाहकार समितिले समग्र गाउँपालिकाको शैक्षिक विकासको निम्ति आवश्यक सल्लाह, सुझाव गाउँ शिक्षा समितिमा पेश गर्नेछ।

ख) गाउँ शिक्षा समितिले आवश्यकता अनुसार आफ्नो वैठकमा सल्लाहकार समितिलाई आमन्त्रण गर्न सक्नेछ।

**३. सल्लाहकार समितिको कार्यकाल :**

यस समितिको कार्यकाल २ वर्षको हुनेछ।

**४. सेवा सुविधा :**

गाउँ शिक्षा सल्लाहकार समितिको वैठक भत्ता तथा सेवा सुविधा आरुघाट गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।